नवराजपुर गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः३ संख्याः ५, नवराजपुर मितिः२०८१/१२/०४

## भाग २

## नवराजपुर गाउँपालिका

# नवराजपुर गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

नवराजपुर सिरहा

# शिक्षक तथा विद्यालय कर्मचारी सरुवा-व्यवस्थापन सम्बन्धी कार्यविधि २०८१

कार्यपालिकाबाट स्वीकृत मितिः २०८१/१२/०३

**प्रस्तावना**ः नवराजपुर गाउँपालिकाको शिक्षा ऐन, २०७९ को परिच्छेद ५ को दफा ३९ र नवराजपुर गाउँपालिका शिक्षा नियमावली, २०७९ को परिच्छेद १० को नियम ५२ को अधिनमा शिक्षक विद्यालय कर्मचारी तथा बालविकास केन्द्रका सहजकर्ताहरुको सरुवालाई व्यवस्थित गर्नको लागि नवराजपुर गाउँपालिका गाउँ कार्यपालिकाले यो कार्यविधि बनाइ लागु गरेको छ ।

## शिक्षक तथा विद्यालय कर्मचारी सरुवा-व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८१

**क.** यो कार्यविधिको नाम "नवराजपुर गाउँपालिका शिक्षक तथा कर्मचारी सरुवा-व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८१ रहेको छ"

**ख.** यो कार्यविधि नवराजपुर गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरु तथा वालविकास केन्द्रहरुमा हुने सरुवा सम्बन्धी प्रयोजनमा लागू हुनेछ ।

**ग.** यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**घ.** यो कार्यविधि सामुदायिक विद्यालयका विद्यायय सहयोगी विद्यालय सहायक बालविकास सहजकर्ता प्राथमिक तहेदखि माध्यमिक तहसम्मका स्वीकृत दरवन्दी, स्थायी, अस्थायी, करार परियोजना तथा राहत अनुदानकोटामा कार्यरत शिक्षक कर्मचारीहरुको सरुवाको लागि प्रयोग हुनेछ ।

### २. परिभाषा

क." ऐन " भन्नाले नवराजपुर गाउँपालिका शिक्षा ऐन, २०७९ सम्झनुपर्छ । साथै ऐन भन्नाले प्रचलित संघिय शिक्षा ऐन तथा प्रादेशिक शिक्षा ऐन समेतलाई जनाउनेछ ।

**ख.**“ नियमावली" भन्नाले नवराजपुर गाउँपालिका शिक्षा नियमावली, २०७९ सम्झनुपर्छ । साथै नियामावली भन्नाले प्रचलित संघिय शिक्षा नियमावली तथा प्रादेशिक शिक्षा नियमावलीलाई समेत जनाउनेछ ।

**ग.** "शिक्षा शाखा" भन्नले नवराजपुर गाउँपालिका अन्तर्गतको शिक्षा, युवा तथा खेलकुद शाखा सम्झनुपर्छ

**घ.** कार्यविधि" भन्नाले शिक्षक तथा कर्मचारी सरुवा-व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८१ सम्झनुपर्छ

**ङ.**

## <u>३. सरुवाको आधार तथा कार्यविधि</u>

**१.** शिक्षा ऐन, नियमावली तथा यस कार्यविधामा उल्लेख भएका प्रावधानहरुको अधिनमा रही सरुवा गर्दा देहाय बमोजिमका आधारहरु अवलम्वन गरिनेछः

क. गाउँपालिका भित्र एक विद्यालयबाट अर्को विद्यालयमा दरवन्दी, तह तथा विषय मिल्ने भएको मात्र गाउँ शिक्षा समितिको निर्णय अनुसार सरुवा गर्न सक्नेछ ।
ख. कर्मचारी तथा सहजकर्ताको सरुवा गर्दा रिक्त कोटा हुनुपर्नेछ ।
ग. शिक्षक सरुवा गर्दा शिक्षकको तह र अध्यापन विषय मिलाउनुपर्ने छ ।
घ. उच्चा विद्यार्थी संख्या भएको अवस्थामा उच्चा संख्या भएको विद्यालयमा काज सरुवा गर्न सकिन्ने छ ।
ड. एकपटक सरुवा गरिएको शिक्षाकलाई तीन वर्ष पुरा नगरी सरुवा गरिनेछैन । तर कुनै विद्यालयमा कार्यरत शिक्षक अशक्त भई सो स्थानमा निजको उपचार हुन नसक्ने व्यहोरा नेपाल सरकारले तोकेको मेडिकल बोर्ड वा स्वीकृत चिकित्सकले सिफारिस गरेमा निजलाई जुनसुकै बखत पनि सरुवा गर्न सकिनेछ ।
च. नवराजपुर गाउँपालिका शिक्षा नियमावली २०७९ को नियम ५२ मा उल्लिखित विषयको शिक्षक नरहेको विद्यालयमा अर्को विषयको शिक्षक सरुवा गरिने छैन ।
छ. विद्यालयमा शैक्षिक गुणस्तर कायम गर्न नसकेको खण्डमा गाउँ शिक्षा समितिको निर्णयमा जुनसुकै समयमा सरुवा गर्न सकिनेछ ।

## (२) शिक्षकलाई सरुवा गर्दा देहाय बमोजिमका कार्यविधीका आधारमा गर्नुपर्ने छ

क. तोकिएको जिम्मेबारी तोकिएको समय पुरा नगरेको भनी सम्बन्धीत विद्यालय व्यवस्थापन समितिको निर्णय सहित गाउँ शिक्षा समितिको सिफारिस भएमा ।
ख. एउटा विद्यालयमा आवश्यकता भन्दा बढी एकै विषयका शिक्षक भएमा ।
ग. दरवन्दी मिलान गर्ने क्रममा तोकिएको मापदण्ड बढी शिक्षक भएमा ।
घ. विपद्का कारणबाट गर्नुपर्ने अवस्थामा गाउँपालिकाको विपद् व्यवस्थापन समितिले सिफारिस गरेमा ।
ङ. नैतिक आचरण तथा निजको व्यक्तिगत अनुशासन लगायतका कारणबाट कुनै शिक्षकलाई सो विद्यालयमा

रहिरहदा विद्यालयको शैक्षिक वातावरण खलबलिएको वा खलबलिन सक्ने व्यहोरा शिक्षा शाखाको सिफारिस मा गाउँ शिक्षा समितिले गर्न सकिनेछ ।

च. कुनै शिक्षकले उत्कृष्ट नतिजा ल्याउन सफल रहेको वा विशेषज्ञता सेवा प्रवाह गरेको अवस्थामा उक्त सेवालाई अन्य विद्यालयमा उपयोग गर्न आवश्यक देखिएमा ।

छ. पति पनि दुवै शिक्षक वा कर्मचारी रहेको अवस्था भए सकभर एकै विद्यालय वा वडा भित्र पर्ने गरी सरुवा गर्नु परेमा ।

ज. विद्यालय समायोजन तह तथा कक्षा घटुवा विद्यार्थी संख्यामा कमी भई उक्त विद्यालयमा कार्यरत शिक्षक कर्मचारी अन्यत्र व्यवस्थापन गर्नुपरेमा दरवन्दी रिक्त रहेका वा थपिएका विद्यालयहरुको दरवन्दी विवरण तयार गरी व्यवस्थापन गर्नुपर्ने शिक्षक कर्मचारीहरुको नियुक्तिको आधारमा अस्थायीको सेवा अवधि आधार र स्थायीको सेवा अवधी पूरै जोडी हुन आउने जम्मा सेवा अवधि गणना हुनेगरी जेष्ठाताक्रम कायम गरी सो अनुसार छनौट गर्न लगाई व्यवस्थापन गरिनेछ ।

झ. १५ दिनभन्दा बढी विदा स्वीकृत नगराई विद्यालयमा अनुपस्थित रहेको र पटकपटक जिम्मेवारी निर्वाहमा लापरवाही गरेको भनि विद्यालय व्यवस्थापन समिति अथवा शिक्षा शाखाले लेखी आएमा त्यस्ता शिक्षक कर्मचारीलाई अन्यत्र सरुवा गरी नियमानुसार विभागीय कारवाही समेत गरिनेछ ।

ञ. सरुवा वा शिक्षक कर्मचारी व्यवस्थापन गर्दा अपाङ्गता भएका शिक्षक र महिलालाई निजको स्थायी ठेगानाको आधारमा घर पायक पर्ने स्थानमा सरुवा वा व्यवस्थापन गर्न प्राथमिकता दिइनेछ ।

ट. शिक्षकको माग अनुसार सरुवा गर्दा एउटै विद्यालयमा धेरै शिक्षको माग दावी रहेमा लामो अवधिसम्म एकै विद्यालयमा वसेका र सम्बन्धित विद्यालय व्यवस्थापन समितिको सहमती वा गाउँ शिक्षा समितिका अनुमति भएका शिक्षकलाई पहिलो प्राथमिकता दिइनेछ ।

ठ. तह विषय र दरवन्दी मिलानको क्रममा सम्बन्धीत शिक्षक र विद्यालयको सहमति वेगर पनि गाउँपालिका भित्रका विद्यालयहरुमा कार्यरत शिक्षक कर्मचारीहरुलाई गाउँ शिक्षा समितिको निर्णय अनुसार सरुवा वा व्यवस्थापन गर्न सकिनेछ ।

ड.एउटै विधालयमा निरन्तर पाँच बर्षसम्म सेवा गरेको शिक्षकलाई गाँउ शिक्षा समितिले विधालय व्यवस्थापन समितिलाई जानकारी नगराई आवश्यक्ता अनुसार गाउँपालिका भित्रका एक विधालयबाट अर्को विधालयमा सरुवा गर्न सकिनेछ ।

(३) स्थायी नियुक्ति भएको एक वर्ष नपुगेको शिक्षक, अनिवार्य अवकाश हुन एक वर्ष वा सो भन्दा कम अवधि बाँकी रहेको शिक्षक कर्मचारीलाई निजको इच्छा विपरित एक विद्यालयबाट अर्को विद्यालयमा सरुवा गरिने छैन ।

(४) सरुवा भएको एक्काइस (२१) दिनभित्र प्रधानाध्यापकले सम्बन्धित शिक्षक वा कर्मचारीलाई नवराजपुर गाउँपालिका शिक्षा नियमावली, २०७९ को नियम ५९ को अनुसूची-११ बमोजिमको ढाँचामा रमाना पत्र दिई सोको जानकारी सम्बन्धित विद्यालय र शिक्षा शाखालाई दिनु पर्नेछ ।

(५) गाउँपालिकाको स्रोतबाटै तलबभता खाने गरी दरवन्दी सृजना भई नियुक्ति भएका शिक्षक, कर्मचारीहरुको सरुवा गर्दा गाउँ-पालिकाको स्रोतबाटै तलबभता खाने सोही तह र प्रकृतिको दरबन्दीमा मात्र सरुवा

गर्न सकिनेछ ।

## ४. सरुवा प्रकृया

(१) सरुवा हुन चाहने शिक्षक कर्मचारीले सरुवा हुन पर्नाको कारण खुलाई नियुक्ति पत्र, नियुक्ति भएको विषय, अध्यापनरत विषय शिक्षक योग्यता उमेर तथा हाल कार्यरत विद्यालयमा कार्य गरेको सेवा अवधि समेत खुल्ने गरी हाल कार्यरत विद्यालयको सहमति पत्र सहित शिक्षा शाखामा निवेदन दिनुपर्नेछ ।

निवेदनमा झुट्टा विवरण पेश भएको आधारमा कुनै पनि शिक्षक कर्मचारीको सरुवा भएमा त्यस्तो सरुवा रद्ध गरी झुठा विवरण पेश गर्ने शिक्षक कर्मचारीलाई विभागीय कारवाही समेत गर्न सकिनेछ ।

(२) शिक्षा शाखा प्रमुखले गाउँ शिक्षा शाखामा पेश भएका निवेदनहरु शिक्षा शाखाको अभिलेखसंग भिडाइ, रुजु गरी गाउँ शिक्षा प्रमुख समक्ष पेश गर्नुपर्नेछ ।

(३) सरुवाको कार्यविधि र प्रकृया पूरा भई पेश भएका निवेदनहरु गाउँ प्रमुखको निर्देशनमा गाउँ शिक्षा समितिको बैठकमा आवश्यक निर्णयार्थ पेश गरिनेछ । सरुवा गर्ने नगर्ने अन्तिमा अधिकार गाउँ शिक्षा समितिमा निहित रहनेछ ।

(४) गाउँ शिक्षा समितिमा सरुवा उपरको प्रस्तावमा मत बाझिएमा बहुमतको आधारमा निर्णय हुनेछ ।

(५) गाउँ शिक्षा समितिमा सरुवाको निर्णय भए पश्चात गाउँ शिक्षा शाखाले सरुवा भएका शिक्षकलाई सरुवा पत्र उपलब्ध गराउनुपर्नेछ ।

## ५ दरवन्दी मिलान

गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयमा शिक्षक, कर्मचारी र बालविकास तर्फका स्वीकृत, राहत तथा करार दरवन्दीको वितरण, पुनवितरण, व्यवस्थापन तथा मिलानको लागि गाउँ शिक्षा समितिले कार्यदल गठन गरी कार्यदलको सुझाव समेतको आधारमा दरवन्दी मिलान सम्बन्धी उपयुक्त निर्णय गर्न सक्नेछ ।
तर, उक्त दरवन्दी मिलान सम्बन्धी निर्णय गाउँ कार्यपालिकामा अनुमोदनको लागि पेश गर्नुपर्नेछ ।

## ६. बाझिएमा हुने

यो कार्यविधि प्रचलित कानूनसंग बाझिएमा बाझिएको हदसम्म कार्यविधिको व्यवस्था अमान्य हुनेछ ।

**७. व्याख्या**

यो कार्यविधिको प्रयोगमा द्विविधा उत्पन्न भएमा नवराजपुर गाउँपालिका गाउँ कार्यपालिकाले गरेको व्याख्या अन्तिम हुनेछ ।

आज्ञाले,
सरोज कुमार सिंह
प्रमुख प्रशासकीय अधिकृत